आज मिति २०८१ साल कार्तिक २७ गते मङ्गलबारका दिन मण्डनदेउपुर नगरपालिकाका नगरप्रमुख श्री टोक बहादुर तामाङको अध्यक्षतामा मण्डनदेउपुर नगरपालिका, नगरकार्यपालिका (कार्यसम्पादन) नियमावली, २०७४ को नियम १० बमोजिम निम्न पदाधिकारीहरूको उपस्थितिमा नगरकार्यपालिकाको ४८औं बैठक बसी देहायबमोजिम निर्णयहरू गरियो ।

उपस्थिति

| क.सं. | पद | कार्यालय | नाम, थर | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|---|
| १ | नगर प्रमुख | मण्डनदेउपुर न.पा. | श्री टोकबहादुर तामाङ | | |
| २ | नगर उपप्रमुख | मण्डनदेउपुर न.पा. | श्री विष्णुमणि नेपाल | | |
| ३ | वडा अध्यक्ष | वडा नं. १ | श्री शिवप्रसाद ढकाल | | |
| ४ | वडा अध्यक्ष | वडा नं. २ | श्री राजकुमार मल्ल | | |
| ५ | वडा अध्यक्ष | वडा नं. ३ | श्री पुरूषोत्तम बजगाईं | | |
| ६ | वडा अध्यक्ष | वडा नं. ४ | श्री मैतेसिं तामाङ | | |
| ७ | वडा अध्यक्ष | वडा नं. ५ | श्री हर्कबहादुर लामा | | |
| ८ | वडा अध्यक्ष | वडा नं. ६ | श्री सोमप्रसाद ढकाल | | |
| ९ | वडा अध्यक्ष | वडा नं. ७ | श्री विष्णुप्रसाद पौडेल | | |
| १० | वडा अध्यक्ष | वडा नं. ८ | श्री निरन्जन विष्ट | | |
| ११ | वडा अध्यक्ष | वडा नं. ९ | श्री सिताराम श्रेष्ठ | | |
| १२ | वडा अध्यक्ष | वडा नं. १० | श्री कुमार तामाङ | | |
| १३ | वडा अध्यक्ष | वडा नं. ११ | श्री दिपेन्द्र लामा तामाङ | | |
| १४ | वडा अध्यक्ष | वडा नं. १२ | श्री राजकुमार पराजुली | | |
| १५ | का.पा.सदस्य | मन्डनदेउपुर न.पा. | श्री सुनकुमारी तामाङ | | |
| १६ | का.पा.सदस्य | मन्डनदेउपुर न.पा. | श्री रिता रोक्का | | |
| १७ | का.पा.सदस्य | मन्डनदेउपुर न.पा. | श्री मैयादेवी तिवारी | मैया | |
| १८ | का.पा.सदस्य | मन्डनदेउपुर न.पा. | श्री सविना विसुन्खे रम्तेल | | |
| १९ | का.पा.सदस्य | मन्डनदेउपुर न.पा. | श्री सावित्री दमाई | सावित्री | |
| २० | का.पा.सदस्य | मन्डनदेउपुर न.पा. | श्री सूर्यबहादुर राई | | |
| २१ | का.पा.सदस्य | मन्डनदेउपुर न.पा. | श्री विकासकुमार राई | | |
| २२ | का.पा.सदस्य | मन्डनदेउपुर न.पा. | श्री भेषबहादुर वि.क. | | |
| २३ | सदस्य सचिव | नि. प्र. प्र. अ. | लोकेन्द्र बहादुर बिष्ट | | |
| आमन्त्रित | | | | | |
| २४. | लेखा अधिकृत | मण्डनदेउपुर न.पा. | श्री पुष्पराज बजगाईं | | |
| २५. | योजना अधिकृत | मण्डनदेउपुर न.पा. | श्री कासीनाथ नेपाल | | |

## २०८१/०६/१३ गतेको नगर कार्यपालिकाको ४८औं बैठकका निर्णयहरु

(एजेन्डाहरू)

१. मिति २०८१/०७/११ गतेको कार्यपालिकाको ४७ औं बैठकको निर्णय समीक्षा सम्बन्धमा।

२. आर्थिक सहयोग सम्बन्धमा।

३. जापानको फुजिनोमियो नगरपालिका र यस मण्डनदेउपुर नगरपालिका विच कायम गर्न लागिएको भगिनी सम्बन्धको थप प्रक्रिया अगाडि वढाउने सम्बन्धमा।

४. सहायकस्तर पाँचौ तहका कर्मचारीको माग आकृति फारम भरी प्रदेश लोकसेवा आयोग बागमती प्रदेशमा पठाउने सम्बन्धमा।

५. योजनाहरुको म्याद थप सम्बन्धमा।

क. नगरस्तरिय १५ शैय्याको नगर अस्पताल निर्माण

ख. औद्योगिक ग्राम पहुँचमार्ग निर्माण

ग. आवधिक नगर विकास योजना

घ. डिजिटल नगर प्रोफाइल

६. कर्मचारी म्याद थप सम्बन्धमा।

७. नगर अस्पतालमा कार्यरत सि.अ.न.मि. श्री इन्दिरा घिमिरेको अध्ययन विदा स्वीकृति सम्बन्धमा।

८. ईकोहिमालको परियोजना शेयरिङ्ग कार्यक्रम सम्बन्धमा।

९. रेडियो ग्राफर (पाँचौ) तहको विज्ञापन सम्बन्धमा।

१०. नगर अस्पतालको कर्मचारी पदपुर्ती सम्बन्धमा।

११. विविध ।

निर्णय नं.१

नगर कार्यपालिकाको मिति २०८१/०७/११ गतेको ४७औं नगर कार्यपालिका बैठकले गरेका निर्णयहरुको कार्य प्रगतिको प्रस्तुति तथा छलफल गरी निर्णय कार्यान्वयनको समीक्षा गरियो।

निर्णय नं.२

मण्डनदेउपुर नगरपालिका वडा नं. ९ का पूर्व वडा अध्यक्ष श्री जित बहादुर तामाङ तथा तथा वडा नं. ८ निवासी सृष्टि राई विगत केही समयदेखी क्यान्सर रोग विरुद्ध उपचाररत रहनुभएकोले नीजहरुको सिघ्र स्वास्थ्य लाभको कामना गर्दै उपचार सहायता स्वरुप क्रमशः रु. १५०,०००/- (अक्षरुपी एक लाख पचास हजार रुपैंया मात्र) र . ५००००/- (अक्षरुपी पचास हजार रुपैंया मात्र) रकम उपलब्ध गराउने निर्णय गरियो। साथै, सङ्घीय सरकारबाट विपन्नको मापदण्डमा पर्ने विरामीहरुलाई नगरपालिकाले उपलब्ध गराउदै आएको उपचार सहायता रकमलाई रु. २५०००/- (अक्षरुपी पच्चिस हजार रुपैंया मात्र) कायम गर्ने निर्णय गरियो र उपचार सहायता सम्बन्धि कार्यविधिलाई सोही बमोजिम आवश्यक संशोधन गर्ने निर्णय गरियो।

निर्णय नं.३

मण्डनदेउपुर नगरपालिका र जापानको फुजिनोमिया नगर बिच भगिनि सम्बन्ध विस्तार र द्विपक्षिय आपसी सहयोग आदानप्रदान गर्ने सम्बन्धमा हालसम्मको कार्यप्रगतीको समिक्षा गर्दै यस नगरपालिका र फुजिनोमिया नगर बिच भगिनि सम्बन्ध कायम गर्न यस नगरपालिकाका तर्फबाट आधिकारिक प्रस्ताव सहित फुजिनोमिया नगरको भ्रमण गर्ने स्विकृती प्रासिका लागि तालुक नेपाल सरकार र यसका सम्बन्धित निकायमा आवश्यक प्रकृया अगाडि बढाउने निर्णय गरियो र यस कार्यको संयोजन गर्न यस नगरपालिकाका निमित्त प्रमुख प्रशसासकीय अधिकृत श्री लोकेन्द्र बहादुर बिष्टलाई कार्यजिम्मेवारी प्रदान गर्ने निर्णय गरियो।

निर्णय नं. ४

मण्डनदेउपुर नगरपालिका र यस अन्तर्गतका कार्यालयहरुमा रहेका सहायकस्तर पाँचौं तहका तपसिलका रिक्त पदहरुमा पदपुर्तिका लागि प्रदेश लोक सेवा आयोग बागमती प्रदेशमा माग आकृति फारम भरि पठाउने निर्णय गरियो।

तपसिल

| क्र.सं. | माग पदको नाम | तह | सेवा | समूह /उपसमूह | स्थायी/ अस्थायी | कुल माग पद संख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | सहायक प्रसाशन | पाँचौं | प्रशासन | सामान्य प्रशासन | स्थायी | ६ | |
| २ | महिला विकास निरीक्षक | पाँचौं | प्रशासन | विविध | स्थायी | १ | |
| ३ | सब-ईन्जिनियर | पाँचौं | ईन्जिनियरिङ | सिभिल | स्थायी | ६ | |
| ५ | अमिन/सर्भेक्षक | पाँचौं | इन्जिनियरिङ | सर्वे | स्थायी | १ | |
| ६ | अ.हे.व. | पाँचौं | स्वास्थ्य | हे.ई. | स्थायी | ३ | |
| ७ | हे.अ. | पाँचौं | स्वास्थ्य | हे.ई. | स्थायी | २ | |
| ८ | अ.न.मी. | पाँचौं | स्वास्थ्य | प.हे.न. | स्थायी | १ | |
| ९ | ना.प.से.प्रा. | पाँचौं | कृषि | ला.पो.डे.डे. | स्थायी | १ | |

निर्णय नं. ५

मण्डनदेउपुर नगरपालिका विगतका आर्थिक वर्ष देखि सञ्चालनमा रहेका तपसिल योजना तथा कार्यक्रमहरुको देहाय बमोजिम म्याद थप गर्ने निर्णय गरियो।

| क्र.सं. | योजना तथा कार्यक्रम | म्याद कायम रहेको मिति | थप गरिएको मिति | म्याद थप कारण |
|---|---|---|---|---|
| १. | नगरस्तरिय १५ शैय्याको नगर अस्पताल निर्माण | २०८१/०९/०१ | २०८३ साल असार मसान्तसम्म | सङ्घीय सरकारबाट प्रासहुनुपर्ने अनुदान रकम ढिलो प्रास भई सम्झौता अवधिको बिचमा कुनै कार्य प्रगती हुन नसकेकोले तथा चालु आ.व.को बजेटले सम्पुर्ण काम सम्पन्न गर्न बजेट अपुग हुने भएकोले |

| | | | | |
|---|---|---|---|---|
| २. | औद्योगिक ग्राम पहुँचमार्ग निर्माण | २०८१/०७/३० | २०८१ साल माघ मसान्तसम्म | वर्षाका कारण काम गर्न कठिन भई लक्ष्य अनुसारको प्रगति हासिल नभएकोले |
| ३. | आवधिक नगर विकास योजना | २०८१/०४/३२ | २०८१ साल मङ्सिर मसान्तसम्म | परामर्शदाताहरुबाट ड्राफ्ट प्रतिवेदा प्राप्त भई नगरपालिकामा छलफल पश्चात नगरपालिकाको तर्फबाट प्रतिवेदन उपर अन्तिम राय सल्लाह सुझाव प्रदान गर्न बाँकि रहेकोले |
| ४. | डिजिटल नगर प्रोफाइल | २०८१/०४/३२ | २०८१ साल मङ्सिर मसान्तसम्म | |

निर्णय नं. ६

मण्डनदेउपुर नगरपालिका र अन्तर्गतका कार्यालयहरुमा सेवा करार र दैनिक ज्यालादारी नियुक्ति भई सोही बमोजिम विभिन्न पदमा कार्यरत कर्मचारीहरुको करार म्याद २०८१ साल कार्तिक मसान्तसम्म रहेकोमा उक्त कर्मचारीहरुको करार म्याद मिति २०८२ असार मसान्तसम्मका लागि थप गर्ने निर्णय गरियो।

निर्णय नं. ७

मण्डनदेउपुर नगरपालिका अन्तर्गतका नगर आधारभुत अस्पतालमा सि अ न मी इन्दिरा घिमिरे (क.सं.नं. २२७१४०) ले प्रमाणपत्र तह नर्सिङ अध्ययनको लागि अध्ययन बिदा माग गर्नुभएकोले निजलाई बागमती प्रदेशको स्थानीय तहका सेवाको गठन तथा सञ्चालन सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७६ को दफा ५९ को व्यवस्था बमोजिम मिति २०८१ साल मङ्सिर ०१ देखी मिति २०८४ साल कार्तिक मसान्तसम्म अध्ययन बिदा उपलब्ध गराउने निर्णय गरियो।

निर्णय नं. ८

इको हिमाल नेपालले मण्डनदेउपुर नगरपालिका क्षेत्रमा कार्यान्वयन गर्ने तसपिलका आयोजना तथा कार्यक्रमहरुको Project Inception तथा परियोजना शेयरिङ कार्यक्रममा परियोजनाको प्रस्तावित कार्यक्रम र गतिविधहरुको बारेमा छलफल तथा समिक्षा गर्दै उक्त कार्यक्रम र क्रियाकलापहरुले नगरपालिकाको आवधिक नगर विकास योजना र सालबसाली नीति तथा कार्यक्रमले लक्षित गरेका उपलब्धि हासिल गर्न सहयोग पुर्याउने गरी कार्यक्रम परिमार्जन (आवश्यकता अनुसार) गर्दै परियोजना सञ्चालन गर्न निर्देशनात्मक सुझावहरु प्रदान गर्ने निर्णय गरियो।

क. ग्रामिण शिक्षा सहयोग परियोजना (तेस्रो चरण)

ख. बालबालिका केन्द्रित पहिरो राहत एवं पूनर्स्थापना परियोजना

निर्णय नं. ९

मण्डनदेउपुर नगरपालिका अन्तर्गतका नगर आधारभुत अस्पतालमा एक्सरे मेसिन जडान गरी सेवा प्रारम्भ गर्ने अन्तिम तयारी रहेकोले उक्त मेसिन सञ्चालन गर्न आवश्यक जनशक्ति हाल नगरपालिकामा कार्यरत

नरहेको हुदाँ रेडियोग्राफर पाँचौं पदको जनशक्ति व्यवस्थापन गर्नुपर्ने भएको तर उक्त पद नगरसभाको पन्ध्रौं अधवेशनले स्विकृत नगरेकोले नगरसभाको सोह्रौं अधिवेशनबाट पद सिर्जना नहुदाँसम्मको लागि दैनिक ज्यालादारीमा उपरोक्त कर्मचारी व्यवस्थापन गरि सेवा सुचारु गर्ने निर्णय गरियो।

निर्णय नं. १०
मण्डनदेउपुर नगरपालिका अन्तर्गतका नगर आधारभुत अस्पतालबाट नियमित, सरल र सहज सेवा प्रवाहका लागि जनशक्ति अभाव रहेको गुनासाहरु प्राप्त भएकोले सोको समाधान गर्न नगर आधारभुत अस्पताल प्रशासनबाट प्राप्त माग अनुसारको कर्मचारीहरु दैनिक ज्यालादारीमा पदपुर्ति गर्ने निर्णय गरियो।

निर्णय नं. ११ विविध

क. मण्डनदेउपुर नगरपालिका अन्तर्गतको नगर आधारभुत अस्पतालमा पानी चुहिने समस्या तथा सरसफाईका समस्या देखा परेकोले सोको प्राविधिक अनुगमन गरी उक्त भवन मर्मत तथा रङ्गरोगन गर्ने निर्णय गरियो।

ख. नगरपालिका अन्तर्गतका नगरकोट, कुन्तावेशी तथा सिपाघाट बजार क्षेत्रमा नाइटभिजन क्षमतायुक्त सिसि क्यामेराहरु जडान गर्ने निर्णय गरियो। साथै, वडा कार्यालय, स्वास्थ्य चौकि, नगर आधारभुत अस्पताल लगायत अन्य स्थानहरुमा रहेका सिसि क्यामेराहरुको मरर्मत तथा क्षमता विकास गर्ने र आवश्यकता अनुसार थप सिसि क्यामेरा जडान गर्ने र सो को नियमन नगरपालिकाबाट गर्ने निर्णय गरियो।

ग. नेपाल रेडक्रस सोसाइटि महादेवस्थान उप-शाखाद्वारा सञ्चालनमा रहेको एम्बुलेन्स मर्मत सम्भार र व्यवस्थापन गर्न रु. ३०००००/- (अक्षरुपी तीन लाख रुपैंया मात्र) रकम अनुदान स्वरुप उपलब्ध गराउने निर्णय गरियो।

घ. कार्तिके चुरिथुम्का सिपाघाट सडकको सिपाघाट चुरिथुम्का खण्डको विस्तारको क्रममा विद्युत पोल स्थानान्तरण गर्नुपर्ने भएकोले विद्युत पोल स्थानान्तरणका लागि तामाकोशी-काठमाण्डौं विद्युत प्रशारणलाइन विकास आयोजनालाइ अनुरोध गर्ने निर्णय गरियो।

ङ. जिल्ला समन्वय समितिको प.सं. २०८१/०८२ च.नं. २०९ मिति २०८१/०७/२५ को प्राप्त पत्रले माग गरेबमोजिम मिति २०८१/०८/०७ गते शुक्रबारका लाग नगरपालिकाको नगरसभाहल उपलब्ध गराउने तथा करिब २०० जनाको लागि खाना, खाजा र १ दिनको आवासको व्यवस्थापन गर्ने निर्णय गरियो।

च. UNICEF Nepal द्वारा बाढि पहिरो पिडितहरुका लागि राहत उपलब्ध गराउने सब्न्धमा विवरण संकलन गरि नगरपालिकामा पेश गर्न बाँकि रहेका वडाहरुले संकलित विवरणहरु सर्वदलिय बैठकको निर्णय सहित अविलम्ब नगरपालिकामा पेश गर्नुपर्ने निर्णय गरियो।

छ. सिन्धुपाल्चोक जिल्लाको ईन्द्रावती गाउँपालिका र यस नगरपालिका बिचको सिमाना भई बग्ने ईन्द्रावती नदिमा ह्युम पाइप राखी अस्थायी बाटो बनाउने ईन्द्रावती गाउँपालिकाको एक्लौटी निर्णय खारेज गर्दै प्रस्तावित स्थानमा अस्थायी बाटो बनाउन ईन्द्रावती गाउँपालिका र मण्डनदेउपुर

नगरपालिकाको पहलमा केन्द्रिय नापी विभाग मिन भवनमा संयुक्त निवेदन पछि मात्र स्विकृतिका लागि अनुमति दिने निर्णय गरियो।

ज. मण्डनदेउपुर नगरपालिकाको वडा नं. ८ को हाल बसेको वडा कार्यालय भवन जिर्ण भएकोले स्थायी वडा कार्यालय निर्माण गरि सेवा सुचारु नगर्दासम्मको लागि सुरक्षित र सबैको पहुँचमा पर्ने स्थानमा घर भाडा लिई वडा कार्यालय सार्न अनुमति प्रदान गर्ने निर्णय गरियो।